भाग ४

श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

सूचना १

बाणिज्य मन्त्रालयका सचिव श्री दामोदरप्रसाद गौतम बङ्गलादेशको ढाकामा हुने ७७ समूहको एशियाली समूहको बैठकमा भागलिन जानुभएकोले उहाँ फर्की हाजिर नभए-सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री पूर्णबहादुर बिष्टलाई मिति २०४३।११।२४ देखि कायम मुकायम मुकरर गरेको छ।

सूचना २

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ध्रुववरसिंह थापा घरबिदामा बस्नुभएकोले उहाँ हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री गजेन्द्रमणि प्रधानलाई मिति २०४३।११।२६ देखि कायम मुकायम मुकरर गरेको छ ।

सूचना ३

पर्यटन मन्त्रालयका सचिव श्री वीरेन्द्रनाथ खुंजेली नयाँ जेट विमान उपलब्ध गर्ने सम्बन्धी वार्ता एवम् सम्झौतामा हस्ताक्षर गर्न वाशिङ्गटनतर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री सुवर्णजङ्ग राणालाई मिति २०४३।१२।२ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।